आज मिति २०७८ साल फाल्गुन २३ गते सोमबारका दिन जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCMC) का अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यूको अध्यक्षतामा DCMC को बैंठक बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति

| | |
|---|---|
| अध्यक्ष श्री उमेश कुमार ढकाल | प्रमुख जिल्ला अधिकारी, पर्सा |
| सदसय श्री बिरेन्द्र प्रधान | नि.मे.सु. नारायणी अस्पताल, बीरगंज, पर्सा |
| सदस्य श्री मनोज कार्की | प्रमुख सेनानी, चण्डी प्रसाद गण, पर्सा |
| सदस्य श्री रमेश कुमार बस्नेत | प्रहरी उपरीक्षक, जिल्ला प्रहरी का., पर्सा |
| सदस्य श्री तेज प्रसाद पोखरेल | सशस्त्र प्रहरी उपरीक्षक, स.प्र.ब. नेपाल, पर्सा |
| सदस्य श्री दिपक खड्का, | उप-अनु. निर्देशक रा.अ.जि.का पर्सा |
| सदस्य श्री छविरमण भट्टराई | नि.जि.स.अ., जिल्ला समन्वय समिति, पर्सा |
| सदस्य सचिव श्री भिमकान्त पौडेल | स.प्र.जि.अ. जिल्ला प्रशासन कार्यालय, पर्सा |
| सदस्य श्री नवल किशोर साह | नि.का.प्र. स्वास्थ्य कार्यालय प्रमुख, पर्सा |

**निर्णयहरु**

१. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण, निदान र उपचारलाई प्रभावकारी बनाउन नेपाल सरकार (मन्त्रिपरिषद्) बाट भएका निर्णयहरु, कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रको सिफारिश, संक्रामक रोग ऐन, २०२० र स्थानीय प्रशासन ऐन, २०२८ समेतले दिएको अधिकार प्रयोग गरि यस कार्यालयबाट विभिन्न मितिमा आदेश जारी भएकोमा हाल कोभिड-१९ को संक्रमण घट्दै गएकोले मिति २०७८-११-२४ गते देखि लागु हुने गरी प्रचलित कानून बमोजिमका राजनैतिक, आर्थिक, सामाजिक, शैक्षिक, व्यवसायीक लगायतका क्रियाकलापहरु प्रचलित स्वास्थ्य मापदण्डको पालना गरि, गराई नियमित रुपमा सञ्चालन गर्न गराउन यस अघि जारी भएका आदेशहरुमा भएका प्रतिबन्धात्मक व्यवस्थाहरु पूर्ण रुपमा हटाउने निर्णय गरियो ।

२. मिति २०७८-१०-२६ गते बसेको DCCMC को निर्णयानुसार ठाकुर राम बहुमुखि क्याम्पसको च.नं. ३५, मिति २०७८-१०-१२ गतेको पत्रबाट सो क्याम्पसमा क्वारेन्टिन सञ्चालन गरेको बखतको बिद्युत महशुलका रकम बारे यथार्थ विवरण संकलन गरी पेश गर्न जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत श्री विनय कुमार श्रीवास्तवको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरिएकोमा उक्त समितिले पेश गरेको प्रतिवेदन सहित उक्त क्याम्पसको माग दावी कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र, छाउनी, काठमाण्डौंमा पठाउने निर्णय गरियो ।

३. कोभिड-१९ को पहिलो र दोस्रो लहरमा शव व्यवस्थापन, क्वारेन्टाईन व्यवस्थापन लगायतका कार्यमा प्रयोग भएको सवारी साधनको मर्मतमा भएको खर्च रु. १,१६,०५१।- (एक लाख सोह्र हजार एकाउन्न) रुपैया को खर्च समर्थन गर्ने निर्णय गरियो ।